# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 28.05.2025

---

## PM Sikkim Visit

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि सिक्किम भ्रमणमा आउनुहुनेछ ।

सेनाको हेलीकप्टरहरूद्वारा भोलि बिहान 10 बजी गान्तोक आइपुग्नुभएपछि उहाँ पाल्जोर स्टेडियममा आयोजित हुने कार्यक्रममा सहभागी हुनुहुनेछ ।

यसको विषय छ- सिक्किम @ 50: जहाँ प्रगतिको उद्देश्यले मिलन हुन्छ र प्रकृतिले विकासलाई पोषित गर्छ ।

श्री मोदीले राज्यका कैयौं विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ अनि उपस्थित जनतालाई सम्बोधन गर्नुहुनेछ ।

विकास परियोजनाहरूमा नाम्ची जिल्लामा सात सय पचास करोड़ रूपियाँभन्दा अधिक खर्चमा निर्मित नयां पाँच सय पलङ्युक्त जिल्ला अस्पताल, गेजिङ जिल्लाको सांगाछोलिङ पेल्लिङमा यात्री घिर्लिङ र गान्तोक जिल्लाको सांगखोला स्थित अटल अमृत उद्यानमा भारत रत्न अटल बिहारी बाजपायीको प्रतिमा सामेल छन् ।

यसबाहेक श्री मोदीले सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा स्मारक सिक्का, स्मृति सिक्का र डाक टिकट पनि जारी गर्नुहुनेछ ।

विभिन्न समुदायका नृत्य समाहित सांस्कृतिक कार्यक्रम, समारोहको एउटा आकर्षण रहनेछ ।

साँझको सम्यमा राज्य सरकारले प्रधानमन्त्रीको यात्राको सम्मानमा ड्रोन शो पनि आयोजन गर्नेछ ।

---

## Golden Jubilee Celebration

स्मरण रहोस्, सोह्र मई उन्नाइस सय पचहत्तर सालमा, सिक्किम बाइसौं राज्यको रूपमा भारतीय संघमा विलय भएको थियो ।

पचास वर्षको प्रजातान्त्रिक यात्रा क्रममा सिक्किमलाई हासिल भएका उपलब्धिहरू र समृध्द संस्कृति, परम्परा अनि प्राकृतिक सौन्दर्यलाई प्रकाशमा ल्याउन वर्षव्यापी कार्यक्रम आयोजना गरिनेभएको छ ।

---

## PM Visit Preparation

अर्कातिर प्रधानमन्त्रीको स्वागतका लागि राज्य पूर्ण रूपले तयार छ ।

श्री मोदीको राज्यवासीहरू श्री मोदीको आगमनको प्रतीक्षामा छन् ।

यसबारे मुख्यमन्त्रीका राजनीतिक सचिव विकास बस्नेत भन्नुहुन्छ ।

---

## Programme Relay

यसैबीच आकाशवाणी गान्तोकले भोलि पाल्जोर स्टेडियममा आयोजित हुने समारोहको प्रत्यक्ष प्रसारण गर्नेछ ।

केन्द्रद्वारा साँझ छ बजेर चालि, मिनटदेखि प्रसारित हुने नेपाली, लेप्चा र भुटिया भाषाको प्रादेशिक समाचार भोलि र भुटिया भाषाको प्रादेशिक समाचार भोलि दस दस मिनटका हुनेछन्।

---

## Home Dept Circular

राज्यको गृह विभागद्वारा आज जारी परिपत्र अनुसार प्रधानमन्त्री भ्रमणलाई ध्यानमा राखेर भोलि गान्तोक र वरपर क्षेत्र, रानीपूलदेखि माथिका कार्यालय र पाठशालाहरू बन्द रहनेछ ।

तथापि ब्याङ्क, वित्तीय संस्थानहरू र वाणिज्यिक प्रतिष्ठानहरू सँधै झै खुल्ला रहनेछन् ।

---

## CM Visited Ridge Park

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज गान्तोकको रिज पार्कमा आयोजित राज्य स्तरीय जनजाति उत्सव, कला तथा शिल्प प्रदर्शनी र अन्तर्राष्ट्रिय स्ट्रिट खाद्य उत्सव स्थलको भ्रमण गर्नुभयो।

त्यहाँ उहाँले राज्य भरिका उद्यमीहरू र कला तथा शिल्प क्षेत्रमा उत्कृष्ट कार्य गरिरहेका कारीगरहरूसित अन्तक्रिया गर्नुभयो।

स्थानीय कारीगर र शिल्पकारहरूको मुख्यमन्त्री प्रतिभाबाट आफु प्रेरित भएको कुरो बताउनुभएको छ।

---

## CM Meets Former Governor

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज पूर्व राज्यपाल गंगाप्रसादसित भेट गर्नुभयो।

श्री प्रसाद भोलि पाल्जोर स्टेडियममा आयोजित हुने समारोहमा भाग लिनका लागि गान्तोक आउनुभएको छ।

भेटघाटका बेला धार्मिक मामिला मन्त्री सोनाम लामा पनि उपस्थित हुनुहुन्थ्यो।

---

## Namchi Review Meeting

साम्दुप्चे गुम्पाको प्रवन्धन तथा विकासबारे चर्चा गर्न नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा आज एउटा बैठक बस्यो।

यसको अध्यक्षता गर्दै नाम्चीकी जिल्लाधीश अनुपा ताम्लिङले यो महत्वपूर्ण सांस्कृतिक तथा धार्मिक स्थलको संरक्षण गर्नुपर्ने आवश्यकतामाथि बल दिनुभयो। उहाँले समितिसित गुम्पा सम्बन्धी हिसाबकिताब सही रहेको सुनिश्चित गर्ने आग्रह गर्नुभएको छ।

सुश्री तामलिङले साम्डुप्चे जाने मार्गको रखरखाउ गर्नुपर्ने कुरा पनि बताउनुभयो।

बैठकमा मरम्मति कार्यसँगै पूर्वाधारमा सुधार ल्याउनुपर्ने विषयबारे पनि विचारविमर्श भयो।

---

## IT Return

केन्द्रीय प्रत्यक्ष कर बोर्ड सीबीडीटीले यो वर्ष आयकर रिर्टन भने अन्तिम मिति एकतीस तारीकदेखि बढ़ाएर पन्ध्र सितम्बर गरेकोछ।

सीबीडीटीले एउटा बयानमा भनेको छ- यो सिस्टम डेभल्पमेन्टका आवश्यकताहरू टीड़ीएस क्रेडिट रिफ्लेकशनको कारणले मानिसहरूलाई अधिक समय प्राप्त हुनेछ।

---

## Weather

राज्यमा विगत केहीदिन सम्म पानी परे तापनि हिजोदेखि दिन घमाइलो भएकाले तापमानमा पृध्दि भएकोछ।

मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा बितेका चौबिस घण्टामा अधिकतम तापमान पच्चीस दशमलउ पाँच डिग्री सेल्सियस र न्यूनतर तापमान अठार दशमलउ चार डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि तापमानमा कमी आएक न्यूनतम सोह्र डिग्री हुने पूर्वानुमान गरेकोछ।

---